# अर्थ बुलेटिन

वर्ष ६ अंक ८ फागुन, २०८१

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- सार्वजनिक वित्तका सूचक सकारात्मक रहेका छन्। आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म संघीय सरकारको राजस्व परिचालन १२.७ प्रतिशत र कुल खर्च ४.९४ प्रतिशतले वृद्धि भएको छ। सार्वजनिक ऋण २०८१ असारमसान्तको तुलनामा ९.९ प्रतिशतले वृद्धि भएको छ।
- व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.७५ प्रतिशत रहेको छ। खाद्य तथा पेय पदार्थ दुवै समूहको मुद्रास्फीति घटेको छ।
- कुल वस्तु आयात ११.२ प्रतिशतले र निर्यात ५७.२ प्रतिशतको उच्च दरले वृद्धि भएको छ। निर्यात व्यापारको आकार सानो हुँदा व्यापार घाटा ६.२ प्रतिशतले वृद्धि भएको छ।
- वैदेशिक रोजगारमा नयाँ श्रम स्वीकृति लिई जाने कामदार तथा पुनः श्रमस्वीकृती लिने कामदारको संख्या समेत गत वर्षको तुलनामा वृद्धि भएको छ। साथै, विप्रेषण आप्रवाहमा ९.४ प्रतिशतले वृद्धि भएको छ। पर्यटन आगमनमा १.९ प्रतिशतले वृद्धि भएको छ।
- वैदेशिक सहायता प्रतिवद्धतामा उल्लेख्य (११९.४ प्रतिशतले) वृद्धि भएको छ।
- विदेशी मुद्रा सञ्चिति बढेको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्।
- अर्थतन्त्रका बाह्य सूचक सबल र सुदृढ छन् भने आन्तरिक सूचकहरुमा सुधार हुँदै गएको छ। समग्रमा अर्थतन्त्रले गति लिएको छ।

**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ८ खर्ब १ अर्ब ५८ करोडको तुलनामा ४.९४ प्रतिशतले वृद्धि भई रु. ८ खर्ब ४१ अर्ब १५ करोड पुगेको छ। यस अवधिमा चालु खर्चमा सीमान्त दरले वृद्धि, पूँजीगत खर्चमा न्यून दरले वृद्धि र वित्तीय व्यवस्था तर्फको खर्चमा भने उच्च दरले वृद्धि भएको छ।

२. कुल खर्चमध्ये चालु खर्च ६९.६ प्रतिशत, पूँजीगत खर्च ९.८ प्रतिशत र वित्तीय व्यवस्था तर्फ २०.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो खर्च क्रमशः ७२.६ प्रतिशत, १०.१ प्रतिशत र १७.२ प्रतिशत रहेको थियो। यस अवधिको चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्चमा क्रमशः ०.६ प्रतिशत, १.७ प्रतिशत र २५.१ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (१): पछिल्लो ५ आर्थिक वर्षको फागुनसम्मको खर्चको स्थिति (रु.करोड)**

| विवरण/आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| चालु | ४५५८१.६० | ५३८४३.५७ | ६०८८४.४५ | ५८२१०.९९ | ५८५६१.९७ |
| पूजीगत | ७९६९.६७ | ७७१४.६८ | ८४२५.६० | ८१२१.४८ | ८२५६.५० |
| वित्तीय व्यवस्था | ३५५०.८३ | ५९७१.४५ | ८६१२.९६ | १३८२५.८१ | १७२९६.२३ |
| **कुल खर्च** | **५७१०२.१०** | **६७५२९.७०** | **७७९२३.01** | **८०१५८.२८** | **८४११४.७०** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

३. चालु आर्थिक वर्षको कुल खर्चमध्ये असोजमा सबैभन्दा बढी २२.८ प्रतिशत र सबैभन्दा कम साउन महिनामा ४.८ प्रतिशत रकम खर्च भएको छ। चालु प्रकृतिका खर्चमा भएको वृद्धिले खर्च भार बढी भएको हो।

**तालिका (२): चालु आर्थिक वर्षको मासिक खर्चको स्थिति (रु. करोड)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १२३८.२२ | ८५५.४८ | १९२७.०६ | ४०२०.७६ | ०.०५ |
| भदौ | ७०६०.४३ | ६३३.९२ | २०४०.१६ | ९७३४.५१ | ०.१२ |
| असोज | १४६८६.५६ | १४४८.०६ | ३०३०.२२ | १९१६४.८४ | ०.२३ |
| कात्तिक | ६२६७.४६ | ५१५.६४ | १७९८.८० | ८५८१.९० | ०.१० |
| मङ्सिर | ७,१०२.४७ | ६२६.९६ | ६,३८०.३३ | १४,१०९.७६ | ०.१७ |
| पुष | ८,८४५.१६ | १,६१३.४४ | ६८९.८२ | ११,१४८.४२ | ०.१३ |
| माघ | ७,०६२.२३ | १,१४८.०९ | ५१४.८३ | ८,७२५.१५ | ०.१० |
| फागुन | ६२९९.४४ | १४१४.९१ | ९१५.०१ | ८६२९.३६ | ०.१० |
| **जम्मा** | **५८५६१.९७** | **८२५६.५** | **१७२९६.२३** | **८४११४.७** | **१.00** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

## राजस्व परिचालन

४. राजस्व सङ्कलन वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म संघीय सरकारको कुल राजस्व अघिल्लो आर्थिक वर्षको सोही अवधिको रू. ६ खर्ब ३९अर्ब ५ करोडको तुलनामा १२.७ प्रतिशतले पृद्धि भई रू. ७ खर्ब २० अर्ब ३५ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व र गैरकर राजस्वको अंश क्रमशः ८८.७ प्रतिशत र ११.३ प्रतिशत रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ७ खर्ब २९ अर्ब ६६ करोड पुगेको छ।


**तालिका (२): पछिल्लो ५ आर्थिक वर्षको फागुनसम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| विवरण/आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| कर | ५२७६६.९२ | ६२८४०.४७ | ५२६४७.२६ | ५७८६७.२६ | ६३८७९.८९ |
| गैरकर | ४३५३.४२ | ५६२९.४८ | ५६२९.८६ | ६०३७.३५ | ८१५४.७७ |
| **कुल राजस्व** | **५७१२०.३४** | **६८४६९.९४** | **५८२७७.१२** | **६३९०४.६१** | **७२०३४.६६** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

५. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म उच्च दरले वृद्धि भएको राजस्व आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा १४.९ प्रतिशतले घटेको थियो। तत्पश्चातका आर्थिक वर्षमा क्रमशः सुधार हुँदै चालु आर्थिक वर्षको पहिलो आठ महिनामा राजस्व वृद्धिदर १२.७ प्रतिशत रहेको छ।


**चार्ट (२): पछिल्लो ५ आर्थिक वर्षको पहिलो आठ महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोड)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

६. गत आर्थिक वर्षको फागुन महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा सङ्कलित कुल राजस्वमा भन्सार विन्दुमा सङ्कलन हुने राजस्व, गैरकर राजस्व तथा अन्तःशुल्कको अंश बढेको छ भने अन्य शिर्षकका करको अंश घटेको छ।

चार्ट (१): पछिल्लो २ आर्थिक वर्षको फागुनसम्मको सङ्कलित राजस्वको संरचना




आ.व. २०८०/८१ आ.व. २०८१/८२

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

तालिका (३) : पछिल्लो दुई आर्थिक वर्षको फागुन महिनासम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)

| कर शीर्षक | आ.व. २०८१/८२ वार्षिक लक्ष्य | आ.व. २०८०/८१ फागुनसम्मको सङ्कलन | आ.व. २०८१/८२ को लक्ष्य र सङ्कलन | | वार्षिक लक्ष्यको तुलनामा सङ्कलन प्रतिशतमा | फागुन महिनासम्मको लक्ष्यको तुलनामा सङ्कलन प्रतिशतमा | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| | | | फागुनसम्मको लक्ष्य | फागुनसम्मको सङ्कलन | | | |
| **भन्सार महशुल** | ३०७३६.२३ | १२७४७.६७ | १९७०१.४७ | १४४१८.२१ | ४६.९ | ७३.२ | १३.१ |
| **मूल्य अभिवृद्धि कर** | ३८६५२.०० | १९०७३.१८ | २४३७७.७९ | २१००९.२२ | ५४.४ | ८६.२ | १०.२ |
| उत्पादन, बिक्री, सेवा | १६४३६.६६ | ७५३३.७३ | १००२९.३८ | ८७५७.१४ | ५३.३ | ८७.३ | १६.२ |
| पैठारी | २२२१५.३४ | ११५३९.४५ | १४३४८.४१ | १२२५२.०८ | ५५.२ | ८५.४ | ६.२ |
| **अन्तःशुल्क** | १९४९६.१६ | ९१०४.७८ | ११९४५.१८ | १०८८७.६४ | ५५.८ | ९१.१ | १९.६ |
| आन्तरिक उत्पादन | १४१८०.५८ | ६७१५.८३ | ८५०६.७४ | ८००२.७२ | ५६.४ | ९४.१ | १९.२ |
| पैठारी | ५३१५.५८ | २३८८.९६ | ३४३८.४४ | २८८४.९२ | ५४.३ | ८३.९ | २०.८ |
| **शिक्षा सेवा शुल्क** | ४६५.७६ | २०७.७१ | १७६.६० | २३८.७७ | ५१.३ | १३५.२ | १५.० |
| **आयकर** | ३९०७०.८१ | १६७३३.९० | २२१८८.९९ | १७३२६.०५ | ४४.३ | ७८.१ | ३.५ |
| आयकर | ३४०६२.३० | १४०३२.१२ | १८७६९.६७ | १५०६६.५९ | ४४.२ | ८०.३ | ७.४ |
| ब्याज कर | ५००८.५१ | २७०१.७८ | ३४१९.३२ | २२५९.४६ | ४५.१ | ६६.१ | -१६.४ |
| **कर राजस्व जम्मा** | १२८४२०.९६ | ५७८६७.२५ | ७८३९०.०२ | ६३८७९.८९ | ४९.७ | ८१.५ | १०.४ |
| **गैर कर जम्मा** | १३५०९.३४ | ६०३७.३५ | ८१९०.६७ | ८१५४.७७ | ६०.४ | ९९.६ | ३५.१ |
| **कूल राजस्व** | १४१९३०.३० | ६३९०४.६० | ८६५८०.६९ | ७२०३४.६६ | ५०.८ | ८३.२ | १२.७ |
| **अन्य प्राप्ति** | ०.०० | २२०२.८८ | ०.०० | ९३१.२१ | | | -५७.७ |
| **जम्मा राजस्व/प्राप्ति** | १४१९३०.३० | ६६१०७.४९ | ८६५८०.६९ | ७२९६५.८८ | ५१.४ | ८४.३ | १०.४ |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत भन्सार बिन्दुमा सङ्कलन हुने पैठारी कर, निकासी कर, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

४. चालु आर्थिक वर्षको फागुनसम्म ब्याज कर सङ्कलन १६.४ प्रतिशतले कमी आएको छ भने अन्य शीर्षकका राजस्व सङ्कलनमा वृद्धि भएको छ। ब्याजदर घट्दै गएसँगै ब्याजकर तर्फको आयकर सङ्कलनमा सङ्कुचन आएको हो।

५. यस अवधिसम्म शिक्षा सेवा शुल्क सङ्कलन लक्ष्यभन्दा बढी भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ८३.२ प्रतिशत सङ्कलन भएको छ भने वार्षिक लक्ष्यको ५०.८ प्रतिशत राजस्व सङ्कलन भएको छ।

## संघीय राजस्व

६. चालु आर्थिक वर्षको फागुन महिनासम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ५ खर्ब ६१ अर्ब ६७ करोड ९० लाखको तुलनामा १२.८ प्रतिशतले वृद्धि भई रू. ६ खर्ब ३३ अर्ब ३१ करोड ८ लाख पुगेको छ। यस अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलन दुवैमा वृद्धि भएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व समेत १२.५ प्रतिशतले वृद्धि भएको छ।

## करको दायरा विस्तार

७. स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म ४ लाख ९४ हजार ८ सय ६३ स्थायी लेखा नम्बर लिएका करदाता थप भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा कुल ५ लाख ११ हजार २ सय ३९ करदाता थप भई कुल सङ्ख्या ६७ लाख ३७ हजार ३ सय ७२ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल स्थायी लेखा नम्बरमा व्यावसायिक स्थायी लेखा नम्बर, करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर र व्यक्तिगत स्थायी लेखा नम्बरको अनुपात क्रमशः ३०.१ प्रतिशत, ०.५ प्रतिशत र ६९.४ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ४३ हजार ७ सय ७१ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २३ हजार ६ सय ७२ पुगेको छ।

**तालिका (४) : व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | आ.व.२०८०/८१ असार मसान्तसम्म | २०८० फागुनसम्म | आ.व.२०८१/८२ को साउनदेखि फागुन मसान्त थप | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | १९४४१०१ | ८०९५३ | ८१९९० | २०२६०९१ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ३३३२८ | ३७३३ | १६६५ | ३४९९३ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ४२४८७०४ | ४१०१७७ | ४२७५८४ | ४६७६२८८ |
| **जम्मा स्थायी लेखा नम्बर** | **६२२६१३३** | **४९४८६३** | **५११२३९** | **६७३७३७२** |
| मू.अ.कर | ३२७४१७ | १८३६६ | १६३५४ | ३४३७७१ |
| अन्तः शुल्क | ११७३६८ | ६९११ | ६३०४ | १२३६७२ |


स्रोतः आन्तरिक राजस्व विभाग ।
#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहायता प्रतिवद्धता

८. चालु आर्थिक वर्षको फागुनसम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई रु. २ खर्ब २१ अर्ब ९९ करोड ८७ लाख पुगेको छ। कुल सहायता प्रतिवद्धतामध्ये अनुदानको अंश २५.७ प्रतिशत रहेको छ भने ऋणको अंश ७४.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वैदेशिक सहायता प्रतिवद्धता रु. १ खर्ब १ अर्ब १९ करोड ६१ लाख रहेको थियो।

९. कुल सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी रकम ऊर्जा क्षेत्रमा २५.४ प्रतिशत प्राप्त भएको छ भने सबैभन्दा कम रकम सुशासन क्षेत्रमा ०.२ प्रतिशत प्राप्त भएको छ।

चार्ट (३): वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत विवरण (प्रतिशत)




स्रोतः अर्थ मन्त्रालय।

## सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म संघीय सरकारको तीर्न बाँकी सार्वजनिक ऋण रू. २६ खर्ब ७६ अर्ब ४ करोड पुगेको छ। कुल सार्वजनिक ऋणमध्ये (विनिमय दर नोक्सानबाट सिर्जितसहित) आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४९.२ प्रतिशत र ५०.८ प्रतिशत रहेको छ। यस अवधिमा विनिमय दर नोक्सानबाट सिर्जित (थप भएको) वैदेशिक ऋण दायित्व रु. ६६ अर्ब २९ करोड ४३ लाख पुगेको छ।

११. चालु आर्थिक वर्षको प्रथम आठ महिनामा संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. १ खर्ब ३४ अर्ब ४८ करोड र बाह्य ऋणतर्फ रु. २४ अर्ब ५० करोड गरी कुल रु. १ खर्ब ५८ अर्ब ९८ करोड सावाँ भुक्तानी गरेको छ। यस अवधिमा आन्तरिक ऋण तर्फ रु. ३६ अर्ब ९८ करोड र बाह्य ऋणतर्फ रु. ५ अर्ब ७७ करोड गरी कुल रु. ४२ अर्ब ७५ करोड ब्याज भुक्तानी गरेको छ।

१२. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म संघीय सरकारले आन्तरिक ऋण रु. २ खर्ब ६९ अर्ब १५ करोड र बाह्य ऋण रु. ६५ अर्ब ४७ करोड गरी कुल रु. ३ खर्ब ३४ अर्ब ६२ करोड ऋण प्राप्त गरेको छ।

## वित्तीय क्षेत्र

१३. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ४.३ प्रतिशत (रु. २ खर्ब ७७ अर्ब २३ करोड) ले वृद्धि भएको छ। गत आर्थिक वर्षको फागुन मसान्तमा यस्तो निक्षेप ७.६ प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ फागुनसम्म बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ९.५ प्रतिशतले वृद्धि भएको छ।

१४. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा रु. ३ खर्ब ४ अर्ब ८२ करोडले बढेको छ। गत आर्थिक वर्षमा यस्तो कर्जा रु. १ खर्ब ९९ अर्ब ५० करोडले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ फागुनसम्म बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.७ प्रतिशतले वृद्धि भएको छ।

१५. २०८१ फागुन मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०७ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। २०८० फागुनमा उक्त सङ्ख्या ११० रहेको थियो। बैङ्क तथा बित्तीय संस्थाको शाखा सङ्ख्या २०८० फागुन मसान्तमा ११ हजार ५ सय ९३ रहेकोमा २०८१ को सोही अवधिमा ११ हजार ५ सय ४३ रहेको छ।

१६. निक्षेप तथा कर्जाको ब्याजदर घटेको छ। २०८० फागुनमा ६.७४ प्रतिशत रहेको वाणिज्य बैंकको निक्षेपको औसत ब्याजदर २०८१ को सोही अवधिमा ४.५४ प्रतिशतमा झरेको छ भने यस अवधिमा कर्जाको ब्याजदर १०.७८ प्रतिशतबाट ८.४० प्रतिशतमा झरेको छ।

१७ बैंकहरुको निष्कृय कर्जा वृद्धि भएको छ। २०८० मङ्सिरमा कुल निक्षेपको ३.७३ प्रतिशत रहेको निष्कृय कर्जा २०८१ को सोही अवधिमा ४.९२ प्रतिशत पुगेको छ।

## बीमा क्षेत्र

१८. बीमा क्षेत्रका परिसूचकहरु बढेका छन्। कुल बीमालेख सङ्ख्या र बीमाशुल्क सङ्कलन वृद्धि भएको छ भने बीमाको दायरामा आएको जनसङ्ख्या ०.४७ प्रतिशत विन्दुले घटेको छ।

१९. चालु आर्थिक वर्षको फागुनसम्म जारी भएको बीमालेख सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.१२ प्रतिशतले वृद्धि भई १ करोड ६३ लाख १२ हजार १ सय ११ पुगेको छ। यस अवधिमा बैदेशिक बीमालेख सङ्ख्यामा उल्लेख्य वृद्धि, निर्जीवन बीमालेख

तथा म्यादी र लघु म्यादी बीमालेख सङ्ख्यामा समेत वृद्धि भए तापनि अन्य जीवन बीमालेख सङ्ख्यामा कमी आएको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल बीमालेख सङ्ख्या १ करोड ५७ लाख ६६ हजार ६ सय ३५ रहेको थियो।

२०. चालु आर्थिक वर्षको फागुनसम्म सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.५६ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३८ अर्ब ४ करोड ४४ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त रकम रू. १ खर्ब २४ अर्ब ८५ करोड ९१ लाख रहेको थियो।


२१. चालु आर्थिक वर्षको फागुनसम्म जारी भएको म्यादी, लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४४.१७ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४३.१६ प्रतिशत रहेको थियो।

२२. यस अवधिको कुल बीमालेखमध्ये जीवन बीमा र निर्जीवन बीमाको हिस्सा क्रमशः ८७.३ प्रतिशत र १२.७ प्रतिशत रहेको छ। गत वर्षको फागुनसम्म यस्तो हिस्सा क्रमशः ८७.६ प्रतिशत र १२.४ प्रतिशत रहेको थियो। यस अवधिको कुल बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७९.३ प्रतिशत र २०.७ प्रतिशत रहेको छ।

## पूँजी बजार

२३. २०८१ फागुन मसान्तमा नेप्से सूचकाङ्क २७३६.४९ बिन्दुमा पुगेको छ। २०८० को सोही अवधिमा नेप्से सूचकाङ्क २१०८.७३ विन्दुमा रहेको थियो। यस अवधिमा वार्षिक बिन्दुगत आधारमा बजार पूँजीकरण ३७.१ प्रतिशतले वृद्धि भई रु. ४५ खर्ब ४३ अर्ब ८१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. ३३ खर्ब १४ अर्ब ६३ करोड रहेको थियो।


**चार्ट (४): पछिल्लो ५ वर्षको फागुन मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२४. २०८१ फागुन महिनाको १ गते २६७८.४७ विन्दुमा रहेको नेप्से सूचकाङ्क उतार चढावसँगै महिनाको अन्तिम कारोवार भएको दिन फागुन २८ गते २७३६.४९ विन्दुमा रहेको छ। फागुन १८ गते नेप्से सूचकाङ्क महिनाकै उच्च विन्दुमा पुगेको थियो।

चार्ट (५): २०८१ फागुन महिनाको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड ।

## समग्र मूल्य स्थिति

२५. २०८१ को फागुन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.७५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.१६ प्रतिशत रहेको थियो। यस अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.३४ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ४.९५ प्रतिशत र ३.७४ प्रतिशत रहेको थियो।

२६. चालु आर्थिक वर्षको साउन देखि फागुन महिनासम्मको औसत मुद्रस्फीति ४.७२ प्रतिशत रहेको छ। जुन वार्षिक लक्ष्यको सीमाभित्र रहेको छ।

## मुद्राप्रदाय

२७. चालु आर्थिक वर्षको पहिलो आठ महिनामा विस्तृत मुद्राप्रदाय ४.८ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ७.७ प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ फागुन मसान्तमा विस्तृत मुद्राप्रदाय ९.९ प्रतिशतले वृद्धि भएको छ ।

## बाह्य क्षेत्र

२८. चालु आर्थिक वर्षको पहिलो आठ महिनाको अवधिमा कुल व्यापार १५.३ प्रतिशतले बढेको छ। विगत पाँच आर्थिक वर्षको तथ्याङ्क विश्लेषण गर्दा चालु आर्थिक वर्षको फागुनसम्ममा निर्यात आयात अनुपात सबैभन्दा उच्च १३.८ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश १२.१ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७८/७९ मा निर्यात आयात अनुपात ११.३ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश १०.१ प्रतिशत रहेको थियो। अन्य आर्थिक वर्षमा उक्त अनुपात न्यून रहेको छ।

तालिका (5) : पछिल्लो पाँच आर्थिक वर्षको फागुन महिनासम्मको वस्तु व्यापारको विवरण (मूल्य रु. करोड)

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| आयात | ९४३९८.७० | १३०८७३.४३ | १०५८३८.३५ | १०३०२२.३७ | ११४५५६.७३ |
| निर्यात | ८०७७.७७ | १४७७४.५५ | १०४७९.५३ | १००६१.६३ | १५८१७.२ |
| **कुल व्यापार** | **१०२४७६.४७** | **१४५६४७.९८** | **११६३१७.८८** | **११३०८४.००** | **१३०३७३.९३** |
| व्यापार घाटा | ८६३२०.९३ | ११६०९८.८८ | ९५३५८.८२ | ९२९६०.७४ | ९८७३९.५३ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | ८.६ | ११.३ | ९.९ | ९.८ | १३.८ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ७.९ | १०.१ | ९.० | ८.९ | १२.१ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९२.१ | ८९.९ | ९१.० | ९१.१ | ८७.९ |

स्रोतः भन्सार विभाग।

## वस्तु निर्यात

२९. आर्थिक वर्ष २०८१/८२ को पहिलो आठ महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५७.२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५८ अर्ब १७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. १ खर्ब ६२ करोड रहेको थियो। २०८१ फागुनसम्ममा भटमासको प्रशोधित तेल तथा सूर्यमूखीको प्रशोधित तेलको निर्यात उच्च दरले बढेको छ भने जुटका कपडा, सेन्थेटिक यार्न, प्लाइउड, अलैंची लगायतका वस्तुको निर्यातमा समेत वृद्धि भएको छ। यस अवधिमा फलामे पाता, फलफुलको जुस, तयारी कपडा लगायतका वस्तुको निर्यात घटेको छ।

३०. भारततर्फ हुने निर्यातको अंश उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०८१/८२ को पहिलो आठ महिनामा भएको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ७९.० प्रतिशत, १.३ प्रतिशत र १९.६ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६८.१ प्रतिशत, १.९ प्रतिशत र ३०.० प्रतिशत रहेको थियो।

३१. यस अवधिमा भारत, चीन र अन्य मुललुकतर्फ भएको निर्यातमा क्रमशः ८२.५ प्रतिशत, ८.८ प्रतिशत र २.९ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (६): पछिल्लो दुई आर्थिक वर्षको फागुन महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति**

**(रु. करोड)**

| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ७५.४१ | ४७९४.७१ | ६२५८.२ |
| सेन्थेटिक यार्न | ७४६.९१ | ९१९.४१ | २३.१ |
| सुर्यमुखिको प्रशोधित तेल | १४.८७ | ७९८.२४ | ५२६८.१ |
| उनी गलैंचा कार्पेट | ६९२.८६ | ७२१.२५ | ४.१ |
| प्लाइउड | ४९३.९९ | ५८८.२ | १९.१ |
| फलामे पाता | ८०४.४१ | ५८६.०७ | -२७.१ |
| अलैची | ५१७.४६ | ५८४.७ | १३.० |
| तयारी कपडा | ५८५.२६ | ५४९.९६ | -६.० |
| फलफुलको जुस | ५३३.४१ | ४८८.७४ | -८.४ |
| जुटका बुनिएका कपडा | ३१०.८९ | ३८२.८६ | २३.१ |
| अन्य | ५२८६.१६ | ५४०३.०६ | २.२ |
| **कुल** | **१००६१.६३** | **१५८१७.२** | **५७.२** |

स्रोतः भन्सार विभाग ।

## वस्तु आयात

३२. चालु आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११.२ प्रतिशतले वृद्धि भई रु. ११ खर्ब ४५ अर्ब ५७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रु. १० खर्ब ३० अर्ब २२ करोड रहेको थियो।

३३. चालु आर्थिक वर्षको फागुनसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भटमासको कच्चा तेलको आयात उच्च दरले बढेको छ भने सूर्यमुखीको कच्चा तेल, शुद्ध फलाम, तयारी कपडा, एल पी ग्यास लगायतका वस्तुको आयात बढेको छ। यस अवधिमा डिजेल, एच.आर सीट, पेट्रोल गहुँ लगायतका वस्तुको आयात घटेको छ। यस अवधिमा पेट्रोल र डिजेलको आयात परिमाणमा वृद्धि भएतापनि आयात मूल्यमा कमी आएको छ।

३४. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६०.१ प्रतिशत, १९.१ प्रतिशत र २०.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः क्रमशः ६२.० प्रतिशत, १८.९ प्रतिशत र १९.१ प्रतिशत रहेको थियो।

३५. यस अवधिमा भारत, चीन र अन्य मुलुकतर्फको आयातमा क्रमशः ७.९ प्रतिशत १२.५ प्रतिशत र २०.६ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (७): पछिल्लो दुई आर्थिक वर्षको फागुन महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति**

**(रु. करोड)**

| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ८८८८.९३ | ७८८६.३७ | -११.३ |
| भटमासको तेल कच्चा | ९२८.३१ | ५१३५.०८ | ४५३.२ |
| पेट्रोल | ४४६३.६८ | ४२८०.१७ | -४.१ |
| एल पि ग्यास | ३५८७.७४ | ४१००.११ | १४.३ |
| शुद्ध फलाम | २५९१.४२ | ३३६४.८८ | २९.८ |
| तयारी कपडा | २४११.४६ | २८११ | १६.६ |


| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| एच.आर.सिट | २९४५.९५ | २७११.६३ | -८.० |
| मोवाइल टेलिफोन | २०३४.०५ | २३४३.१६ | १५.२ |
| अन्य एलोपेथीक औषधी | १७९६.५६ | २०३२.५६ | १३.१ |
| सुर्यमुखिको कच्चा तेल | ११९१.३४ | २०२७ | ७०.१ |
| अन्य | ७२१८२.९३ | ७७८६४.७७ | ७.९ |
| **कुल** | **१०३०२२.३७** | **११४५५६.७३** | **११.२** |

स्रोतः भन्सार विभाग ।

## व्यापार घाटा

३६. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.२ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब ८७ अर्ब ४० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा २.५ प्रतिशतले सुधार भएको थियो। कुल वस्तु निर्यातको वृद्धिदर वस्तु आयातभन्दा बढी भए तापनि आयात व्यापारको आकार बढी हुँदा व्यापार घाटा वृद्धि भएको हो।


चार्ट (७):पछिल्लो ५ आर्थिक वर्षको फागुनसम्मको वस्तु व्यापार घाटाको स्थिति (रु. अर्ब)




स्रोतः भन्सार विभाग।

३७. नेपालको व्यापार संरचनामा सुधार हुन सकेको छैन। कुल व्यापारमा निर्यातको तुलनामा आयातको हिस्सा धेरै छ। विगत पाँच आर्थिक वर्षको फागुनसम्मको कुल व्यापारमा निर्यातको हिस्सा चालु आर्थिक वर्षमा सबैभन्दा बढी १२.१ प्रतिशत पुगेको छ। सीमित वस्तुको मात्र निर्यात वृद्धि भएकोले निर्यातको आधार सबल बनाई धेरै वस्तु निर्यात गर्न अपरिहार्य देखिन्छ। तसर्थ, व्यापार वृद्धि तथा यसको दिगोपनाको लागि पहल गर्नुपर्ने देखिन्छ।

**चार्ट (८): पछिल्लो ५ आर्थिक वर्षको पहिलो आठ महिनाको वैदेशिक व्यापारको स्थिति (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग ।

## सेवा व्यापार

३८. आर्थिक वर्ष २०८१/८२ को पहिलो आठ महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. १ अर्ब ५७ अर्ब ९८ करोडको तुलनामा ३.९ प्रतिशतले कमी आई रु. १ खर्ब ५१ अर्ब ८० करोड रहेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रु. २ खर्ब १ अर्ब ६० करोडको तुलनामा १२.६ प्रतिशतले वृद्धि भई रु. २ खर्ब २६ अर्ब ९३ करोड पुगेको छ।

३९. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म खुद सेवा आय रु. ७५ अर्ब १३ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रु.४३ अर्ब ६३ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४०. चालु आर्थिक वर्षको पहिलो आठ महिनामा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.४ प्रतिशतले वृद्धि भई रु. १० खर्ब ५१ अर्ब ७७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह रु. ९ खर्ब ६१ अर्ब २५ करोड रहेको थियो। यस अवधिको आप्रवाह अमेरिकी डलरमा ६.९ प्रतिशतले वृद्धि भई ७ अर्ब ७३ करोड ६६ लाख डलर पुगेको छ।

४१. नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा वृद्धि भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्या ११.१ प्रतिशतले वृद्धि भई ३ लाख १७ हजार ६८ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या १८.९ प्रतिशतले घटेर २ लाख ८५ हजार ३ सय ५२ रहेको थियो।

४२. यस अवधिमा पुनः श्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा समेत १८.९ प्रतिशतले वृद्धि भई २ लाख १७ हजार ४ सय ३ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४३. आर्थिक वर्ष २०८१/८२ को पहिलो आठ महिनामा चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। चालु खाता गत आर्थिक वर्षको फागुनसम्म रू. १ खर्ब ६७ अर्ब ४५ करोडले बचतमा रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रू. १ खर्ब ८० अर्ब ८ करोडले बचतमा रहेको छ। यस अवधिमा चालु खाता अमेरिकी डलरमा १ अर्ब ३३ करोडले बचतमा रहेको छ।

४४. आर्थिक वर्ष २०८१/८२ को पहिलो आठ महिनामा शोधनान्तर स्थिति रु. ३ खर्ब १० अर्ब ३७ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. ३ खर्ब २७ अर्ब ५५ करोडले बचतमा रहेको थियो। चालु आर्थिक वर्षको फागुन मसान्तमा शोधनान्तर बचत अमेरिकी डलरमा २ अर्ब २९ करोड रहेको छ।

## विदेशी विनिमय सञ्चिति

४५. २०८१ फागुन मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति २०८१ असारमसान्तको तुलनामा १८.० प्रतिशतले वृद्धि भई रू. २४ खर्ब ९ अर्ब २५ करोड पुगेको छ। यस अवधिमा अमेरिकी डलरमा कुल विदेशी विनिमय सञ्चिति २०८१ असारमसान्तको तुलनामा १३.१ प्रतिशतले वृद्धि भई १७ अर्ब २७ करोड पुगेको छ।

४६. आर्थिक वर्ष २०८१/८२ को पहिलो आठ महिनामा भएको आयातलाई आधार मान्दा बैङ्क तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चितिले १७.२ महिनाको वस्तु आयात तथा १४.३ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर

४७. २०८१ असार मसान्तको तुलनामा २०८१ फागुन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ४.२२ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३९.२४ पुगेको छ। २०८१ असार मसान्तमा उक्त विनिमय दर रु. १३३.३६ रहेको थियो।

### पर्यटक आगमन

४८. पर्यटक आगमनमा वृद्धि भएको छ। सन् २०२५ को मार्च सम्ममा नेपाल भित्रिने विदेशी पर्यटकको सङ्ख्या १.९ प्रतिशतले बढेर ३ लाख १० हजार ६ सय १ पुगेको छ। गत वर्षको सोही अवधिमा नेपाल आएका पर्यटकको सङ्ख्या ३ लाख ४ हजार ६ सय ९३ रहेको थियो।

४९. सन् २०२४ को अगस्टदेखि २०२५ को मार्चसम्म नेपाल आउने पर्यटकको सङ्ख्या ३.२० प्रतिशतले वृद्धि भई ८ लाख १० हजार ५ सय ५३ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ७ लाख ८५ हजार ३ सय ६२ रहेको थियो।

५०. आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म भ्रमण आयमा ९.७ प्रतिशतले वृद्धि भई रु. ५६ अर्ब ७० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अबधिमा यस्तो आय रु. ५१ अर्ब ६९ करोड रहेको थियो। यस अवधिमा भ्रमण व्ययमा २०.६ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ४८ अर्ब ११ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो व्यय रु. १ खर्ब २२ अर्ब ८१ करोड रहेको थियो।

५१. चालु आर्थिक वर्षको पहिलो आठ महिनामा वैदेशिक अध्ययनमा गएका विद्यार्थीले रु. ८८ अर्ब ९८ करोड रकम मुलुक बाहिर लगेका छन्। गत आ.व. को सोही अवधिमा यस्तो रकम रु. ८० अर्ब १४ करोड रहेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म शिक्षा क्षेत्रमा रु. ३ अर्ब १७ करोड रकम भित्रिएको छ।